थप सामग्रीका लागि हाम्रो सम्पर्क ठेगाना:

**पालुङ चर्च, पालुङ - १, ओखरबजार, मकवानपुर**

**इमेल:** ***info@wordoftruth.com.np***

***Website: http://www.wordoftruth.com.np***

**©WordofTruth Publishing — *http://www.wordoftruth.com.np***

*जीवनको यात्रामा, डोऱ्याउनुहोस् मलाई !*

# परमेश्वरको वचनबाट मार्गदर्शन

कुनै कदम चाल्नु अघि
निर्णय गर्नालाई
विश्वासी जनले
प्रयोग गर्न सक्नुहुने
६७ ओटा जाँचहरू



**वर्ड अफ ट्रुथ प्रकाशन**

पालुङ, मकवानपुर

# GUIDANCE FROM GOD'S WORD

*By* George W. Zeller

Translated into Nepali by Pradesh Shrestha

यो अध्ययनमाला तयार गर्रिंदा नयाँ नियमका खण्डहरू जीवन–मार्ग प्रकाशन तथा ट्रिनिटेरियन बाइबल सोसाइटीद्वारा प्रकाशित भजनसङ्ग्रह र हितोपदेशसहित छापिएको *पवित्र बाइबल नयाँ नियम*लाई आधार बनाइएको हुँदा त्यसैलाई प्रयोग गरियो भने पाठकलाई सहज हुनेछ ।

Copyright of the Nepali Edition: Wordoftruth Publishing (2010)

E-mail: *info@wordoftruth.com.np*

***Web: http://www.wordoftruth.com.np***

**६०. भारको जाँच** (हिब्रू १२:१–२)

यो कामले मलाई कुनै पनि हिसाबमा मेरो दौड दौडनदेखि बाधा दिन्छ कि ? मैले जसरी दौडनुपर्छ त्यसरी दौडन नसक्ने गरी यसले मलाई भारले रुँ थिच्छ कि ?

**६१. ख्रीष्टको निन्दाको जाँच** (हिब्रू १३:१३; दाँज्नुहोस्, ११:२६)

यो निर्णय गर्ने क्रममा मैले कुनचाहिँ कुरालाई ठूलो ठान्छु (म कुन कुरालाई बढी महत्त्व दिन्छु) - मान्छेको स्वीकार कि ख्रीष्टको निन्दा ?

**६२. परीक्षाको जाँच** (याकूब १:१३–१६)

यसले परीक्षाको सामना गर्न रुन् सजिलो बनाउँछ कि रुन् गाह्रो ?

**६३. परमेश्वरसितको निकटताको जाँच** (याकूब ४:८; दाँज्नुहोस्, हिब्रू १०:३८)

यसले मलाई ख्रीष्टको रुन् नजिक पुर्याउँछ कि रुन् टाढा लैजान्छ ?

**६४. वृद्धिको जाँच** (१ पत्रुस २:२; २ पत्रुस ३:१८; दाँज्नुहोस्, हिब्रू ६:१–३)

यो काम गर्नाले कुनै पनि हिसाबमा ख्रीष्टमा मेरो बढ्दै जाने क्रमलाई बाधा दिन्छ, निसास्याइदिन्छ कि ? के यसले मलाई ख्रीष्टमा बढ्न सहायता गर्छ ?

**६५. सङ्गतिको जाँच** (१ यूहन्ना १:३–४)

यो काम गर्नाले कुनै पनि हिसाबमा मलाई ख्रीष्टसितको सङ्गतिको आनन्ददेखि बञ्चित गर्छ कि ?

**६६. सांसारिकपनको जाँच** (१ यूहन्ना २:१५–१७; याकूब ४:४)

के म यो कुरा परमेश्वरबाट अलग्गै रहेर (उहाँलाई पन्छारुर) गर्न खोज्दैछु ?

**६७. "पहिलो प्रेम" को जाँच** (प्रकाश २:४)

के यो काम गर्नाले येशू ख्रीष्ट मेरो पहिलो प्रेम हुनुहुन्छ भन्ने कुरा प्रशस्त गरी छर्लङ्ग हुनेछ ?

# मार्गदर्शनका बाइबलीय सिद्धान्तहरू

## परिचय

जीवनको यात्रा अनगिन्ती निर्णयहरूले भरिरुको हुन्छ । मैले फलानो काम गर्नु हुन्छ कि हुँदैन ? त्यस्तो ठाउँमा म जानु हुन्छ कि हुँदैन ? यस्तो क्रियाकलापमा म सहभागी बन्नु हुन्छ कि हुँदैन ? आदि, इत्यादि ।

हामीले जीवनभरि ठीक-ठीक अगुवाइ पाऔं र हाम्रो दिन-दिनको चालचलन सही प्रकारले नियन्त्रित होस् भन्ने हेतुले प्रभु येशू ख्रीष्टमा विश्वास गर्नेहरूलाई सत्यताको रुउटा सुन्दर वस्तुगत मापदण्ड दिइरुको छ जसअनुसारको जीवन र व्यवहारले हाम्रा प्रभुलाई खुशी पार्दछ । भजनसङ्ग्रहका रुक रचनाकारको हृदयमा रुउटा ठूलो लालसा थियो, *"मेरा पाइलाहरू तपाईंको वचनमा स्थिर पारिदिनुहोस्, र कुनै अधर्म ममाथि राज्य गर्न नदिनुहोस्"* (भजनसङ्ग्रह ११९:१३३) । हाम्रो जीवन, हाम्रो व्यवहार, हाम्रा निर्णयहरू सबै नै परमेश्वरको वचनद्वारा निर्धारित र नियन्त्रित हुनु आवश्यक छ ।

जीवनमा अनेकौं विषयका कुरा आउँछन् जसको बारेमा परमेश्वरको वचनले किटान गरी बतारुको हुँदैन । बरु बाइबलमा हामीलाई स्पष्ट सिद्धान्तहरू र ठोस मार्गदर्शनहरू दिइरुका छन् र तिनलाई सही अर्थमा बुझिरुमा र लागु गरिरुमा उठ्न गरुको **हरेक प्रश्नको जवाफ मिल्न सक्छ** । तर खेदको कुरा, हामी कति पटक प्रभुबाटका ती सिद्धान्तहरूलाई लागु गर्न र मार्गदर्शनहरूलाई पालन गर्न विफल भइरहेका हुन्छौं ।

यस अध्ययनमा हामी ६७ ओटा जाँचहरूलाई सूचित गर्नेछौं जसद्वारा हामीले कुनचाहिँ बाटो अपनाउनु पर्ने हो भन्ने कुराको निर्धारण गर्न सक्छौं । यो सूचि पूर्ण छ भन्ने होइन । यसमा अन्य जाँचहरू थप्न सकिन्छ । यी मार्गदर्शनहरू प्रायः नयाँ नियमका पत्रहरूबाट लिइरुका छन् । सुसमाचारका पुस्तकहरू, हितोपदेश, र बाइबलका अन्य खण्डहरूबाट अवश्य नै अरू थुप्रै मार्गदर्शनहरू वा "जाँचहरू" लिन सकिन्छ ।

तर यदि हामीले यी जाँचहरूलाई साँच्ची नै अपनाएनौं भने हामीसित यो सूचि भएर पनि हामीलाई कुनै फाइदा हुनेछैन । ख्रीष्टका प्रियहरूहो, आउनुहोस्, हाम्रा सबै कामकुरामा प्रभु येशू ख्रीष्टलाई खुशी पार्ने इच्छा राख्दै हामी हाम्रा कामकुराहरूलाई यी नयाँ नियमका मार्गदर्शनहरूद्वारा जाँच गरौं ।

(**टिप्पणी**: बाइबलका पदहरूलाई सजिलैसँग भेट्टाउन सकियोस् भनेर यी "जाँचहरू" लाई नयाँ नियमका पुस्तकहरूको क्रम अनुसार सूचित गरिएका छन् । )



**५३. निर्दोषताको जाँच** (१ तिमोथी ३:१)

के यो कामले गर्दा मेरो ख्रीष्टियन विश्वासको अङ्गिकारसित नमिल्ने व्यवहारको लागि मलाई दोष लगाउने मौका कसैलाई मिल्छ कि ? (दनियलको उत्कृष्ट नमुनालाई दनियल ६:४ मा हेर्नुहोस्)

**५४. नमुनाको जाँच** (१ तिमोथी ४:१२)

यो काम गर्नाले एउटा विश्वासी कस्तो हुनुपर्छ भन्ने कुराको म एक असल नमुना बन्नेछु त ?

**५५. उल्झनको जाँच** (२ तिमोथी २:४)

यसले मलाई "यस जीवनका धन्दाहरूमा" फसाउँछ र अल्झाउँछ कि र ख्रीष्टलाई खुशी पार्नुपर्ने मेरो प्रथम कर्तव्यलाई बेवास्ता गर्ने बनाउँछ कि ?

**५६. मोजमज्जाको प्रेमको जाँच** (२ तिमोथी ३:४)

यो काम म परमेश्वरलाई भन्दा मोजमज्जालाई प्रेम गर्दै गरिरहेको छु कि ? म प्रभुमा भन्दा अन्य कुराहरू वा व्यक्तिहरूमा रमाउँदैछु कि (भजनसङ्ग्रह ३७:४) ?

**५७. दोस्रो आगमनको जाँच** (२ तिमोथी ४:८; १ यूहन्ना २:२८)

के यो काम गरिरहेको बेलामा प्रभु आउनुभएको म चाहन्छु ? के उहाँ आउनुहुँदा प्रभुले मलाई यस ठाउँमा यस क्रियाकलापमा लागिरहेको भेट्टाउनुभएको म चाहन्छु ?

**५८. सिँगारको जाँच** (तीतस २:१०)

के यस क्रियाकलापले मेरा मुक्तिदाता परमेश्वरको शिक्षालाई सिँगार्ने काम गर्नेछ ? यो गर्नाले परमेश्वरको वचनका सत्यताहरू र सिद्धान्तहरू मेरो जीवनमा सुशोभित भएको देखिनेछ त ?

**५९. अभक्तिको इन्कारको जाँच** (तीतस २:१२; दाँज्नुहोस् १ पत्रुस २:११)

यो निर्णय लिंदा के मैले अभक्ति र सांसारिक अभिलाषाहरूलाई जोडदार, स्पष्ट र असन्दिग्ध रूपमा "हुँदैन" भन्दैछु ?

**४६. ख्रीष्टको नामको जाँच** (कलस्सी ३:१७)

के यो काम मैले प्रभु येशूको नाममा धन्यवादसित गर्न सक्छु ? के उहाँले आफ्नो नाम मैले गरिरहेको कामसित जोडियोस् भन्ने चाहनुहुनेछ ?

**४७. ख्रीष्टको दासको जाँच** (कलस्सी ३:२३–२४)

के म यो काम हृदयदेखि (मेरो सम्पूर्ण प्राणले) प्रभुको निम्ति गरेझैं गर्न सक्छु ?

**४८. असल गवाहीको जाँच** (कलस्सी ४:५)

के यो कामले ख्रीष्टबाट बाहिरकाहरूलाई एउटा स्वच्छ गवाही प्रस्तुत गर्नेछ ?

**४९. प्रार्थनाको जाँच** (१ थेस्सलोनिकी ५:१७; लूका १८:१)

यसले कुनै पनि हिसाबमा मेरो प्रार्थनाको जीवनलाई बाधा दिन्छ कि वा प्रार्थना गर्ने कामलाई बोझिलो (गर्न मन नलाग्ने) बनाउँछ कि ?

**५०. धन्यवादको जाँच** (१ थेस्सलोनिकी ५:१८; एफेसी ५:२०)

के म यो काम धन्यवादसाथ गर्न सक्छु ? के म परमेश्वरलाई सफा विवेकले धन्यवाद दिन सक्छु ?

**५१. रूपको जाँच** (१ थेस्सलोनिकी ५:२२)

मैले गर्ने काममा खराबीको कुनै पनि रूप देखिन्छ कि ? मैले लिएका कदमहरूलाई गलत अर्थ लगाइन वा ती काम नकरात्मक दृष्टिमा देखिने सम्भावना छ कि ?

**५२. भद्रताको जाँच** (१ तिमोथी २:९–१०; १ पत्रुस ३:३–४)

यो काम गर्नाले ध्यान मतिर खिँचिन्छ कि मभित्र हुनुभएका ख्रीष्टतिर ? मैले आफूलाई देखाइरहेको हुन्छु कि मुक्तिदाता प्रभुलाई ?

# ६७ ओटा जाँचहरू

**१. पवित्रशास्त्रको जाँच** (यशैया ८:२०; १ थेस्सलोनिकी ५:२१)

यो काम पवित्रशास्त्रले मनाही गरेको छ कि ? यो काम नगर्नालाई मलाई आज्ञा दिइएको छ कि ?

**२. भण्डारीपनको जाँच** (लूका १६:९–१२)

यो काम गर्दा प्रभुले मलाई जिम्मा दिनुभएको पैसा, जायजात र समय खेर जाने हो कि अथवा तिनको प्रयोग सर्वोत्तम तवरले नहुने हो कि ?

**३. अलगपनताको जाँच** (रोमी १:१)

के यो कदम वा क्रियाकलाप परमेश्वरको सुसमाचारका निम्ति अलग गरिएको जीवन अनुरूप छ ?

**४. "शारीरिक अङ्गहरू"** को जाँच (रोमी ६:१३)

यो काम गर्दा मेरा शारीरिक अङ्गहरू परमेश्वरको निम्ति धार्मिकताका औजारको रूपमा प्रयोग गरिनालाई सुम्पिएका हुन्छन् ? कि त्यसको विपरितमा मेरा प्रभु र मालिक परमेश्वरलाई आदर नहुने किसिमले प्रयोग हुनालाई सुम्पिइनेछन् ?

**५. घृणाको जाँच** (रोमी १२:९; दाँज्नुहोस्, यहूदा २३)

म पाप र खराबीलाई घृणा गर्दछु र मैले जस्तोसुकै मूल्य चुकाउनु परे तापनि म तीबाट अलग हुनैपर्छ (१ पत्रुस ३:११) भन्ने कुरालाई यो काम गर्दा कुनै पनि हिसाबले धमिल्याउन पुग्छु कि ?

**६. प्रेमको जाँच** (रोमी १४:१५)

यो काम गर्दा के म प्रेम अनुसार हिँडिरहेको छु ? जो व्यक्तिहरूको सवाल छ के म तिनीहरूका लागि परमेश्वरबाटको सर्वोत्तम र सर्वश्रेष्ठ कुराहरूको खोजी गर्दैछु ?

**७. विवेकको जाँच** (रोमी १४:२२–२३)

के यो काम म असल र सफा विवेकले गर्न सक्छु ? (विश्वासी जनले आफ्नो विवेकले मनाही गरेको कुरा कहिल्यै गर्नु हुँदैन । विश्वासीको विवेक सुधारिनु र परमेश्वरको वचनको सामञ्जस्यतामा झन् झन् ल्याइनु आवश्यक पर्न सक्छ, तर आफ्नो विवेककै विरुद्धमा काम गर्नु र आफ्नै हृदयले दोषी ठहर्याउँदा ठहर्याउँदै विद्रोहमा अघि बढ्नुमा खतरा छ । यो सरल नियम सधैं याद राख्नुहोस्: कुनै कुरामा शङ्का लाग्छ भने, त्यो नगर्नुहोस् !

**८. "कसलाई खुशी पार्दैछु" को जाँच** (रोमी १५:१–२)

यो काम म आफूलाई खुशी पार्न गर्दैछु कि अर्कालाई ?

**९. आगोको जाँच** (१ कोरिन्थी ३:११–१५)

यो काम गर्दा मैले सदा रहने कुरा निर्माण गरिरहेको हुन्छु कि केवल काठ, घाँस र पराल मात्र थपिरहेको हुन्छु जुनचाहिँ ख्रीष्टको न्यायआसनको घडीमा सबै जलेर नष्ट हुनेछ ?

**१०. फाइदाको जाँच** (१ कोरिन्थी ६:१२; १०:२३)

यो काम गर्नु लाभदायक, कल्याणकारी र उपयोगी हुन्छ कि हुँदैन ? ("यो गर्न मलाई छुट छ कि छैन ? " भनेर सोध्नुभन्दा फाइदाको जाँचअनुसार विचार गर्नु असल) ।

**११. दासत्वको जाँच** (१ कोरिन्थी ६:१२)

यो काम गर्दा म कुनै कुराको वशमा पर्छु कि ? यसले मलाई दास बनाउँछ कि ? यसले मलाई बन्धनमा पारेपछि मैले सेवा गर्नुपर्ने मेरा प्रभुको सेवा गर्नालाई म स्वतन्त्र नहुन पुग्छु कि ?



**३९. ख्रीष्टको महिमाको जाँच** (फिलिप्पी १:२०)

यो काम गर्नाले के ख्रीष्टको महिमा हुनेछ ?

**४०. सुसमाचारको जाँच** (फिलिप्पी १:२७)

जुन सुसमाचारको सन्देशलाई अरूले जानून् र विश्वास गरून् भनेर मैले चाहेको छु मैले लिएका कदमहरूले कुनै पनि हिसाबमा उक्त सन्देशलाई बाधा दिने वा धमिल्याउने वा अलमल्याउने काम हुन्छ कि ?

**४१. कसिङ्गरको जाँच** (फिलिप्पी ३:७–८)

के म ख्रीष्टको खातिर मैले महत्त्वपूर्ण ठानेका निश्चित कुराहरूलाई बलि चढाउन र गुमाउन तत्पर छु ?

**४२. आनन्दको जाँच** (फिलिप्पी ४:४)

मेरो आनन्द प्रभुमा छ कि कुनै कुरा वा व्यक्तिमा ? यो काम मैले नगरेको खण्डमा के मेरो आनन्द हराएर जान्छ ? मैले आनन्द, सुख, सन्तुष्टि गलत ठाउँमा खोज्दैछु कि ?

**४३. सन्तुष्टताको जाँच** (फिलिप्पी ४:११; १ तिमोथी ६:६,८)

मैले यो काम नगरेको खण्डमा वा यो कुरा मैले नपाएमा के म अझै पनि सन्तुष्ट र तृप्त रहन सक्नेछु ?

**४४. चोखो विचारको जाँच** (फिलिप्पी ४:८)

यसले शुद्ध, स्वस्थ, चोखो विचारधाराहरूलाई प्रोत्साहन दिन्छ कि यसले मलाई मानसिक फोहरमैलाले ग्रस्त बन्न प्रोत्साहन दिन्छ ?

**४५. पहिलो स्थानको जाँच** (कलस्सी १:१८)

यो काम गर्नाले के मेरो जीवनमा प्रभु येशूलाई पहिलो स्थान मिल्नेछ ?

**३२. पवित्र आत्माको जाँच** (एफेसी ४:३०; दाँज्नुहोस्, १ थेस्सलोनिकी ५:१९)

के यसले परमेश्वरको पवित्र आत्मालाई शोकित (दुःखित, पीडित) पार्छ ? यो काम गर्दा पवित्र आत्मालाई मेरो जीवनमा काम गर्नदेखि कुनै पनि हिसाबमा निभाउन वा बाधा दिन पुगिन्छ कि ?

**३३. पवित्र जनको जाँच** (एफेसी ५:३) – परमेश्वरको सन्तानको जाँच (एफसी ५:१), नयाँ सृष्टिको जाँच (२ कोरिन्थी ५:१७), स्वर्गको नागरिकको जाँच (फिलिप्पी ३:२०), परमेश्वरको चुनिएको जनको जाँच (कलस्सी ३:१२), इत्यादि ।

ख्रीष्ट येशूमा म जो हुँ, के त्यसको अनुरूप र त्यसलाई सुहाउने किसिमले मैले व्यवहार गर्दैछु ? परमेश्वरको सन्तानले गर्ने काम त्यही हो कि होइन ? पवित्र जनले गर्ने काम त्यही हो कि होइन ? एक नयाँ सृष्टिले गर्ने काम त्यही हो कि होइन ? इत्यादि ।

**३४. परमेश्वरमा ग्रहणयोग्यताको जाँच** (एफेसी ५:१०; २ कोरिन्थी ५:९)

के यो काम प्रभुलाई मन पर्छ ? मैले यो काम गरें भने के परमेश्वरलाई यो ग्रहणयोग्य लाग्नेछ र के मैले उहाँको मुस्कान र "स्याबास ! " पाउनेछु (दाँज्नुहोस्, मत्ती २५:२१,२३) ?

**३५. समयको जाँच** (एफेसी ५:१६)

के यो काम गर्नु समयको उच्चतम सदुपयोग हो ? परमेश्वरले मलाई दिनुभएका अवसरहरूको फाइदा उठाउनालाई के यो नै सर्वोत्तम मार्ग हो ?

**३६. अधीनताको जाँच** (एफेसी ५:२१)

यो काम गर्दा के म परमेश्वरले ममाथि राख्नुभएका अधिकारीहरूको अधीनतामा छु ?

**३७. परमेश्वरको हातहतियारको जाँच** (एफेसी ६:१०–१८)

यो काम गर्दा यसले मलाई शत्रुको आक्रमणका सामु झन् कमजोर बनाउने हो कि ?

**३८. सर्वश्रेष्ठताको जाँच** (फिलिप्पी १:१०)

यो काम गर्न मलाई छुट हुन सक्छ, मिल्न सक्छ र यो काम एउटा असल कुरा पनि हुन सक्छ तर के यो नै सर्वोत्तम कुरा हो त ?



**१२. "परमेश्वरको मन्दिर" को जाँच** (१ कोरिन्थी ६:१९–२०)

यसले मेरो शरीरको हानी गर्छ कि ? मैले आफ्नो शरीरको प्रयोग गर्ने तरिकाबाट परमेश्वरको आदर हुन्छ कि हुँदैन ? यो कदमले मेरो शरीरलाई ताजा र बलियो बनाउँछ कि यसले मेरो शरीर र मस्तिष्कलाई थकित र कमजोर तुल्याउँछ ? यदि मैले आफूलाई शारीरिक रिक्ततासम्मै पुग्ने गरी खर्चन्छु भने के त्यो म बुद्धिपूर्ण र धार्मिकताको कामको खातिर अर्थात् ख्रीष्टकै खातिर खर्चन्छु त (२ कोरिन्थी १२:१५) ?

**१३. बाधाको जाँच** (१ कोरिन्थी ७:३५)

यो कामले गर्दा प्रभुको सेवामा लगाउनुपर्ने मेरो ध्यान अन्यत्र पुग्छ कि ? मेरा प्रभुलाई खुशी पार्नदेखि मलाई बाधा दिन्छ कि (१ कोरिन्थी ७:३२) ?

**१४. ठेस खुवाउने कुराको जाँच** (१ कोरिन्थी ८:१३; १०:३२; रोमी १४:२१)

यो काम गर्दा अर्को व्यक्तिलाई ठेस लाग्न पुग्छ कि ? यसले कुनै पनि हिसाबमा अर्को विश्वासीको वृद्धिमा बाधा पुर्याउँछ कि ? यसले कुने पनि हिसाबमा कुनै अविश्वासीलाई ख्रीष्टमाथि विश्वास गर्नेदेखि बाधा दिन्छ कि ?

**१५. प्रचारको जाँच** (१ कोरिन्थी ९:१९–२२; १०:३३; दाँज्नुहोस्, २ तिमोथी २:१०)

के मेरा क्रियाकलापहरूले गर्दा अरूहरूलाई ख्रीष्ट येशूलाई मुक्तिदाताको रूपमा चिन्नका लागि सहायता र हौसला मिल्नेछ ? यसले कुनै पनि हिसाबमा प्रभु येशू र उहाँको सुसमाचारको प्रतिष्ठा घटाउनेछ कि वा बाधा पुर्याउनेछ कि ? के यसले अरूहरूलाई प्रभु येशू ख्रीष्टलाई मुक्तिदाताको रूपमा चिन्नलाई मद्दत गर्नेछ ?

**१६. मूर्तिपूजाको जाँच** (१ कोरिन्थी १०:७,१४; १ यूहन्ना ५:२१)

यो काम गर्दा मैले कुनै व्यक्ति वा चीजलाई परमेश्वरभन्दा ठूलो (मेरो निम्ति बढी महत्त्वको) बनाउँदैछु कि ?

**१७. उन्नतिको जाँच** (१ कोरिन्थी १०:२३; १४:२६)

के यसले मेरो सङ्गी–विश्वासीको उन्नति र वृद्धि गर्छ ? के मेरो क्रियाकलापले गर्दा अर्कोलाई प्रभुमा बढ्दै जान उत्साह मिल्नेछ ?

**१८. स्वार्थको जाँच** (१ कोरिन्थी १०:२४; १३:५)

यो काम मैले आफूलाई खुशी पार्न र आफ्नै सेवाको लागि गर्दैछु कि अरूलाई खुशी पार्न र अर्काको सेवाको लागि ? म आफ्नै निम्ति जिउँदैछु कि प्रभुको निम्ति (रोमी १४:७; २ कोरिन्थी ५:१५) ?

**१९. परमेश्वरको महिमाको जाँच** (१ कोरिन्थी १०:३१)

के म यो काम परमेश्वरको महिमाको निम्ति गर्न सक्छु ? यो काम गर्दा के मैले मेरा परमेश्वरलाई र उहाँ को हुनुहुन्छ भन्ने कुरालाई छर्लङ्ग हुने गरी प्रस्तुत गर्दैछु ?

**२०. देखासिकीको जाँच** (१ कोरिन्थी ११:१; फिलिप्पी ४:९)

के यस कुरामा मलाई अरूहरूले पछ्याएको चाहन्छु त ? के यस कुरामा अन्य विश्वासीहरूले मेरो देखासिकी गरेको चाहन्छु ? के मैले उनीहरूका सामु यस कदमलाई सिफारिश गर्न सक्छु ?

**२१. सङ्गतको जाँच** (१ कोरिन्थी १५:३३; दाँज्नुहोस् २ कोरिन्थी ६:१४; १ पत्रुस ४:४)

यो काम गर्दा म खराब सङ्गतसित सम्झौतापूर्ण सम्बन्धभित्र हुलिन्छु कि र फलस्वरूप त्यसले मेरो चरित्र र नैतिकतालाई बिगार्ने र भ्रष्ट पार्ने गरी नराम्रो प्रभाव पार्छ कि ?

**२२. "प्रभुमा परिश्रम" को जाँच** (१ कोरिन्थी १५:५८; दाँज्नुहोस्, २ कोरिन्थी ९:८)

यसले कुनै पनि हिसाबमा मलाई प्रभुको काममा प्रशस्त हुँदै जानदेखि रोक्छ कि ? यसले मलाई प्रभुको सेवा बल्दो जोश र जाँगरसित गर्नेदेखि रोक्छ कि ?

**२३. अस्थायी/अनन्तको जाँच** (२ कोरिन्थी ४:१८; कलस्सी ३:१–२)

मैले अस्थायी कि अनन्त वास्तविकताहरूको आधारमा निर्णय गर्दैछु ? म छोटो दुरी कि लामो दुरीलाई हेर्दैछु ? मैले समयलाई हेर्दै यो मूल्याङ्कन गर्दैछु कि अनन्ततालाई हेर्दै ? के मैले यसलाई परमेश्वरकै दृष्टिकोणबाट हेर्दैछु ?

**२४. न्यायआसनको जाँच** (२ कोरिन्थी ५:१०; रोमी १४:१०–१२)

के यस कुराले मलाई ख्रीष्टको न्यायआसनको सामु शर्ममा पार्नेछ ?



**२५. अभिप्रेरणाको जाँच** (२ कोरिन्थी ५:१४)

म ख्रीष्टको प्रेमले अभिप्रेरित छु कि शरीरको अभिलाषाले ?

**२६. नयाँ सृष्टिको जाँच** (२ कोरिन्थी ५:१७)

यी कुराहरू मेरो पुरानो जीवनसित सम्बन्धित छन् ("पुराना कुराहरू" जो बितिगएका छन्) कि ख्रीष्टमा भएको मेरो नयाँ जीवनसित सम्बन्धित छन् ?

**२७. राजदूतको जाँच** (२ कोरिन्थी ५:२०)

यो काम गर्दा के म आफ्नो मुक्तिदातालाई छर्लङ्ग र असन्दिग्ध प्रकारले प्रतिनिधित्व गर्दैछु ?

**२८. पवित्रताको जाँच** (२ कोरिन्थी ७:१; २ तिमोथी २:२१)

यो काम गर्दा मैले आफ्नो पवित्रतालाई कुनै पनि हिसाबमा सम्झौता गरिरहेको हुन्छु कि ? यसले मलाई प्रभुको प्रयोगयोग्य, शुद्ध र पवित्र भाँडो हुनदेखि कुनै पनि हिसाबमा बाधा पुऱ्याउँछ कि ?

**२९. मानसिक जाँच** (२ कोरिन्थी १०:५; दाँज्नुहोस्, ११:३)

यो कामले मलाई मेरो हरेक विचारलाई ख्रीष्टको आज्ञाकारी बनाउनालाई कैद गर्न सहायता गर्नेछ कि यसले मेरो मनलाई परमेश्वरको ज्ञानको विरोधमा आफूलाई उचाल्ने उच्च कुराहरूको गोलाबारीले ग्रस्त बनाउँछ ?

**३०. "कसलाई खुशी पार्दैछु" को जाँच** (गलाती १:१०)

यो काम गर्दा म परमेश्वरलाई खुशी पार्न खोज्दैछु कि मान्छेलाई ?

**३१. "जे छरिन्छ त्यसैको कटनी" को जाँच** (गलाती ६:७)

के म यस कदमको परिणामहरूको कटनी गर्न तत्पर छु ?